# लिसंखु पाखर गाउँपालिका

## गाउँ सभाको १५ औं अधिवेशनमा

उपाध्यक्ष श्री मिठु देवी लामाज्यूले

प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

०९ पुष २०८०

**यस लिसंखु पाखर गाउँसभाको सभाध्यक्ष महोदय,**

**यस सभाको सदस्य सचिव तथा यस लिसंखु पाखर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ज्यु, यस गरिमामय गाउँसभाको मान्य सदस्य ज्युहरु, उपस्थित कर्मचारी मित्रहरु,**

लिसंखु पाखर गाउँपालिकाको गरिमामय गाउँसभाको १५ औं अधिबेशनमा यस गाउँसभाको उपाध्यक्ष तथा बजेट तर्जुमा समितिको संयोजकको हैसियतले चालु आर्थिक बर्ष २०८०/८१ को संशोधित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ अनुसार आवश्यक्ता र परिस्थिति अनुसार एक आर्थिक वर्षमा सामान्यतया दुई पटक सभा बस्न सक्नेछ भन्ने प्रावधान अनुसार चालु आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रममा केहि संशोधन, केही रकमान्तर र केही कार्यक्रम थप घट गर्नुपर्ने भएकोले आज मिति २०८० पौष ५ गते बिहिबारको दिन यस लिसंखु पाखर गाउँपालिकाको सभाहलमा यस गरिमामय सभा सञ्चालन गरिरहेको छौं।

२. यस सुखद अवसरमा म नेपालको संघिय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति यस सुखद घडिमा हार्दिक श्रद्धा सुमन सहित भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय एकता र स्वाभिमानको कठिन परिस्थितीमा त्याग र नेतृत्व गर्नुहुने आदरणिय अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. यस लिसंखु पाखर गाउँपालिकाको स्थानीय सरकारको प्रतिनिधिको रुपमा मतदान गरि निर्वाचित गराई यो महत्त्वपुर्ण अवसर प्रदान गर्नुहुने यस लिसंखु पाखर गाउँपालिकाको सम्पुर्ण आमा, बुबा, दाजु भाई तथा दिदि बहिनीहरु प्रति यस गरिमामय सभाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु र निर्वाचित जनप्रतिनिधिहरुलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहान्छु।

४. हामिले यस लिसंखु पाखर गाउँसभाको १३ औं अधिवेशनबाट चालु आर्थिक बर्षको बजेट नीति तथा कार्यक्रम मिति २०८० असार १० गते अनुमोदन गरेको कुरा हामि सबैलाई अवगत नै छ।

५. अर्थतन्त्रमा देखीएको समस्या र चुनौतीहरुको बारेमा हामी सबैलाई अवगत नै छ। यस लिसंखु पाखर गाउँपालिकाको आफ्नो आन्तरिक राजश्वको अवस्था न्युन तथा कमजोर रहेको अवस्थाको बारेमा पनि हामी सबैलाई अवगत नै छ। त्यस कारण हामी नेपाल सरकार र प्रदेश सरकारले वित्तिय हस्तान्तरण मार्फत दिईने अनुदानमा भर पर्नु पर्ने अवस्थामा छौं। नेपाल सरकार र प्रदेश सरकारले दिने विभिन्न अनुदात घटेर आएको कारण हाम्रो बजेटमा पनि त्यसै अनुरुप प्रभाव परेको यहाहरु समक्ष अवगत गराउन चाहान्छु।

६. स्थानीय सरकार, नागरिकको आगनको सरकार, घर घरको सरकार र नागरिकको नजिकको सरकार भएको कारणले हामीलाई नागरिकको आधारभुत आवाश्यक्ता, अपेक्षा, चाहानाको बारेमा राम्रोसँग जानकारी छ। न्युन आय तथा सिमित श्रोतलाई मध्यनजर गरी विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासनलाई ख्याल राख्दै नागरिकको विकास र समृद्धिको चाहाना, सामाजिक समाबेशीकरण, समतामुलक समाजको निर्माण, विभिन्न बर्ग, लिङ्ग, धर्म तथा सम्प्रादायको पहुँच, शिक्षा तथा स्वास्थ्यको गुणस्तरियता प्रति यस संशोधित बजेट लक्षित रहेको कुरा जानकारी गराउन चाहान्छु।

७. चालु आर्थिक बर्षको संशोधित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको विनियोजन विद्यक, नेपाल सरकारले जेठ १५ मा पेश गरिएको बजेट बक्तव्य, नेपाल सरकारले पेश गरिएको आर्थिक विद्यक, बागमती प्रदेशले पेश गरिएको बजेट बक्तव्य, बागमती प्रदेश सरकारको विनियोजन र आर्थिक विद्यक, नेपाल सरकारको आवधिक योजना, बागमती प्रदेशको आवधिक योजना, लिसंखु पाखर गाउँपालिकाको पहिलो आवधिक योजना, लिसंखु पाखर गाउँपालिकाकले लिएको नीति तथा कार्यक्रम, असार १० मा पेश गरिएको बजेट बक्तव्य, दिगो विकासको लक्ष्यहरु र यहाको नागरिकहरुको आवाश्यक्ता र अपेक्षालाई आधार बनाएका छौं।

८. चालु आर्थिक बर्षको संशोधित बजेट तथा कार्यक्रममा गुणस्तरिय शिक्षा, गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह, कृषिको व्यावसायीकरण, आधुनिकिकरण, यान्त्रीकिकरण र बजारिकरण, सामाजिक सुरक्षा र संरक्षण, गरिबि निवारण, महिला तथा बालबालिका सशक्तिकरण र लैंगीक समानता, गाउँपालिकाको सर्वाङ्गीण विकास र समृद्धि, लगानीमैत्री वातावरणको प्रवर्द्धनलाई प्राथमिकताको रुपमा लिएको छु।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक बर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु। चालु आर्थिक बर्ष २०८०/८१ मा साउन महिना देखी मंसिर महिना सम्म ५ महिना बजेट तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गरिसकेको अवस्था छ त्यही ५ महिनाको अवधिमा हामिले कार्यान्वयन गरिएको बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा निम्न बुदाहरुमा समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

क. चालु आर्थिक बर्ष २०८०/८१ को लागि मिती २०८० असार १० गते गाउँसभाको १३ औ अधिवेशनबाट जम्मा बजेट रु.५१ करोड ९६ लाख ५ हजार ५ सय रुपैयाको बजेट अनुमोदन गरिएका थियौं।

ख. जसमा नेपाल सरकारबाट समानिकरण अनुदान तर्फ १० करोड १२ लाख मध्ये ५ करोड ६ लाख, सशर्त अनुदान चालु तर्फ रु.१६ करोड ७८ लाख मध्ये रु.८ करोड २२ लाख ७५ हजार, सशर्त अनुदान पुँजीगत तर्फ रु.१ करोड ७८ लाख मध्ये ७१ लाख, विशेष अनुदान चालु तर्फ रु.५० लाख मध्ये रु.२५ लाख, विशेष अनुदान पुँजीगत तर्फ रु.१ करोड २० लाख मध्ये रु.६० लाख र समपुरक अनुदान पुँजीगत तर्फ रु.७५ लाख मध्ये रु.३७ लाख ५० हजार रुपैया गरी नेपाल सरकारको तर्फबाट वित्तिय हस्तान्तरण मार्फत जम्मा रु.३१ करोड १३ लाख मध्ये रु.१५ करोड २२ लाख २५ हजार रुपैया अर्थात ४८.९ प्रतिशत प्राप्त भई सकेको जानकारी गराउदछु ।

ग. त्यसै गरी प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ रु.१ करोड २ लाख ३१ हजार मध्ये ५१ लाख १५ हजार ५ सय, शसर्त अनुदान चालु तर्फ रु.६८ लाख २२ हजार मध्ये रु.३४ लाख ३१ हजार, शसर्त अनुदान पुँजीगत तर्फ रु.१ करोड ५५ लाख मध्ये रु.७७ लाख ५० हजार, विशेष अनुदान पुँजीगत तर्फ रु.१ करोड मध्ये ५० लाख र समपुरक अनुदान पुँजीगत तर्फ रु.१ करोड ११ लाख मध्ये ५५ लाख ५० हजार गरी वित्तिय हस्तान्तरण मार्फत जम्मा रु.५ करोड ३६ लाख ५३ हजार मध्ये २ करोड ६८ लाख २६ हजार ५ सय अर्थात ५० प्रतिशत प्राप्त भईसकेको जानकारी गराउदछु ।

घ. त्यसैगरी राजश्व बाँडफाँड मार्फत नेपाल सरकारबाट प्राप्त हुनुपर्ने मुल्य अभिवृद्धि कर र अन्तशुल्क तर्फ जम्मा रु.६ करोड ७८ लाख ९ हजार ७ सय मध्ये जम्मा रु.१ करोड ६३ लाख ८ हजार ६ सय ७२ रुपैया १७ पैसा र प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने सवारी साधन कर बापतको रकम रु.२ करोड १५ लाख ४५ हजार ८ सय १० मध्ये ६२ लाख ४८ हजार ५ सय २९ रुपैया १० पैसा र स्थानीय राजश्व बाँडफाँड बापतको रकम रु.२५ लाख मध्ये हाल सम्म प्राप्त भएको छैन र जम्मा राजश्व बाँडफाँड मार्फत रु.९ करोड १८ लाख ५५ हजार ५ सय १० मध्ये २ करोड २५ लाख ५७ हजार २ सय १ रुपैया २७ पैसा अर्थात २४.५६ प्रतिशत प्राप्त भएको कुरा जानकारी गराउन चाहान्छु ।

ङ. त्यसैगरी आन्तरीक श्रोत नगद मौज्दात तर्फ १३ औ अधिवेशनमा रु.४ करोड ४३ लाख ६३ हजार ४ सय ९० अनुमान गरिएकोमा आर्थिक बर्षको अन्त्यमा वास्तबिक नगद मौज्दात रु.८ करोड २२ हजार ८ सय २८ रुपैया ८३ पैसा र आन्तरिक राजश्व तर्फ जम्मा रु.२९ लाख ८८ हजार २ सय ५८ रुपैया ७३ पैसा अर्थात आन्तरिक राजश्व तर्फ ४९.८० प्रतिशत संकलन भईसकेको जानकारी गराउदछु ।

च. चालु आर्थिक बर्ष २०८०/८१ को ५ महिनाको अवधिमा कुल बजेट रु.५१ करोड ९६ लाख ५ हजार ५ सय मध्ये रु.२८ करोड ५३ लाख ९७ हजार २ सय ४६ रुपैया ५३ पैसा अर्थात ५४.९३ प्रतिशत प्राप्त भईसकेको छ ।

छ. त्यसैगरी व्यय तर्फ चालु खर्चमा विनियोजन गरिएको जम्मा बजेट रु.३२ करोड ४९ लाख ८५ हजार ५ सय विनियोजन मध्ये मिती २०८० साल मंसिर मसान्त सम्ममा रु.६ करोड ९७ लाख ६९ हजार ९ सय ७२ रुपैया ४४ पैसा अर्थात २१.४७ प्रतिशत खर्च भईसकेको छ।

ज. त्यसै गरी व्यय पुँजीगत खर्चमा जम्मा रु.१९ करोड ४६ लाख २० हजार विनियोजन गरिएको मध्ये जम्मा रु.२ करोड ८५ लाख ६५ हजार ६ सय ७० रुपैया ८३ पैसा अर्थात १४.६८ प्रतिशत खर्च भईसकेको जानकारी गराउन चाहान्छु।

झ. निकायगत खर्चको विवरण हेर्दा गाउँपालिका तर्फ २०.८९%, वडा नं.१ को 0%, वडा नं.२ को १९.९४%, वडा नं.३ को 0%, वडा नं.४ को १२.९९%, वडा नं.५ को २३.५३%, वडा नं.६ को ३०.५३%, वडा नं.७ को ३८.२१%, गाउँपालिका शिक्षा तर्फ १६.५%, गाउँपालिका स्वास्थ्य तर्फ १०.५६%, गाउँपालिका कृषि तर्फ ०.३१%, संघिय सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फ २२.४९%, प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फ ४.५%, प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान तर्फ २.२९% र प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान तर्फ २२.९% गरी जम्मा १८.९२% खर्च भईसकेको जानकारी गराउन चाहान्छु।

ञ. त्यसैगरी क्षेत्रगत व्यय तर्फ पुष मसान्तसम्मको खर्चको विवरण हेर्दा आर्थिक विकास तर्फ ७.४९%, सामाजिक विकास तर्फ १८.४४%, पुर्वाधार विकास तर्फ २१.०६%, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ५.७७% र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ २२.१६% खर्च र कार्यसञ्चालन कोष तर्फ ४८.३३% खर्च भएको जानकारी गराउन चाहान्छु।

ट. समग्रमा जम्मा बजेट रु.५१ करोड ९६ लाख ५ हजार ५ सय रुपैया मध्ये रु.९ करोड ८३ लाख ३५ हजार ६ सय ४३ रपैया २७ पैसा अर्थात जम्मा १८.९२ प्रतिशत खर्च भईसकेको जानकारी गराउन चाहान्छु।

ठ. चालु आर्थिक बर्षको ५ महिनाको अवधिमा ८ ओटा योजनाहरु बोलपत्रको माध्यमबाट सम्झौता गरी कार्यान्वयनको अवस्थामा छ, ४१ ओटा योजनाहरु उपभोक्ता समिति गठन गरि सम्झौता भएको र १७ ओटा उपभोक्ता समितिले कार्य सम्पन्न गरी भुक्तानी लिसकेको अवस्था छ।

ड. चालु आर्थिक बर्षमा हालसम्म ३०० मिटर सोलिङ्ग, ९० मिटर ढलान, ३ ओटा मठमन्दिरहरु निर्माण भईसकेको छ। वडा नं. ४ मा निर्माणाधिन औद्योगिक ग्रामको प्याकेज २ को निर्माण कार्य पनि सम्पन्न भईसकेको छ।

ढ. यस ५ महिनाको अवधिमा योजना कार्यान्वयन प्रकृयालाई छिटो छरितो र सहज बनाउनको लागि घुम्ति शिविर सेवा कार्यक्रम मार्फत प्रत्यक वडामा पुगी उपभोक्ता समितिको पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

ण. विद्यालयमा अतिरिक्त क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय स्तरिय निवन्ध प्रतियोगिता सञ्चालन र २०७९ को माध्यामिक शिक्षा परिक्षा र कक्षा १२ को परिक्षामा उत्कृष्ट अंक ल्याउने १ छात्र र १ छात्रालाई सम्मान गरी विद्यार्थिहरुको क्षमता एवम उत्कृष्ट नतिजालाई उत्प्रेरित गर्ने काम गरिएको छ ।

त. चालु आर्थिक बर्षको हालसम्म ६ ओटा स्वास्थ्य चौकी तथा १ ओटा सामुदायिक स्वास्थ्य केन्द्रबाट ६ हजार ७ सय ११ जना नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा र ३ हजार ६ सय ७८ जना बिरामिहरुलाई परामर्श सेवा उपलब्ध गराईएको छ ।

थ. त्यसैगरी ५८८ जना बालबालिकालाई भिटामिन ए र ५४० जना बालबालिकाहरुलाई जुकाको औषथि वितरण गरिएको र निशुल्क आखा शिविर गरि ११० ओटा मोतियाविन्दु शल्यक्रिया निशुल्क रुपमा सम्पन्न गरियो ।

द. त्यस्तै चालु आर्थिक बर्षको लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको अन्तर्गत ३ सय ४६ पुरुष र ३ सय १० महिला गरी जम्मा ६ सय ५६ जना व्यक्ति बेरोजगार सुचीमा सुचिकृत गरिएको छ । जसमध्ये ७४ जना व्यक्तिहरुलाई प्राथमिकताको आधारमा न्युनतम १०० दिन बराबरको रोजगार प्रदान गर्नको लागि ८ ओटा योजनाहरु छनोट भई कार्यान्वयनको क्रममा रहेको छ ।

ध. व्यावसायिक तरकारी बालि विकास कार्यक्रम संचालन गर्नको लागि ईच्छुक कृषक, कृषक समुह तथा कृषि सहकारीहरुबाट माग संकलन, फलफुल र च्याउ खेती सम्बन्धि तालिम तथा प्रविधि हस्तान्तरन गर्नको लागि किसानहरुबाट माग संकलन गर्ने कार्य भईरहेको छ ।

न. हालसम्म १५० ओटा कृषक तथा पोषण समुह दर्ता तथा ३० ओटा नविकरण गरिएको छ साथै ५५ जना कृषकहरुको निशुल्क माटो परिक्षण र १०२ जना कृषकहरुलाई रोग किरा सम्बन्धि परामर्श सेवा उपलब्ध गराईएको छ ।

ऩ. लम्पिस्किन नामक रोग नियन्त्रणको लागि १ हजार ७६ पशुहरुमा औषधि उपचार गरि ५०० वटा पशुहरुमा लम्पि स्किन रोग विरद्धको खोप लगाईएको छ ।

प. लिसंखु पाखर गाउँपालिकाले अविभावकत्त्व वहन गर्दै आमा बाबा बिहिन ८ जना बालबालिकाहरुलाई १२ हजारको दरले भत्ता वितरण गरिएको छ ।

फ. सामाजिक सुरक्षा भत्ता तर्फ २५ सय ८ जना लाभग्राहीहरुलाई पहिलो त्रैमासिकमा रु.२ करोड ६० लाख २६ हजार १ सय ३२ रुपैया वितरण गरिएको छ ।

ब. चालु आर्थिक बर्षमा स्थानीय बजारमा हुने महगीं, ठगी तथा गुणस्तरहिन सामाग्री विक्रि वितरण कार्यलाई निरुत्साहित गर्न तथा नियमन गर्नको लागि पहिलो चरणमा २७८ ओटा पसलमा अनुगमन गरी कानुनको दायरामा ल्याईएको छ ।

भ. चालु आर्थिक बर्षमा कार्यालयको सेवा प्रवाहलाई सहजीकरन र नागरिक मैत्री शासन व्यवस्थापनको लागि ७ ओटा कानुन बनाएर लागु गरिएको छ ।

म. चालु आर्थिक बर्षमा न्यायिक समितिमा ५ ओटा विवाद दर्ता भएकोमा ३ वटा फछर्योट भईसकेको जानकारी गराउदछु ।

य. युवा पुस्तालाई रोजगारीमा जोडौ र सुनौलो भविष्यको थालनी गरौ भन्ने मुल नारालाई आत्मसात गर्दै गरिबी निवारण तथा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ४० जना युवा यवतीहरुलाई मुकुण्डो उत्पादन सम्बन्धि व्यावसाय तालिमको लागि छनोट गरिसएको छ ।

सभाध्यक्ष महोदय

अब म चालु आर्थिक बर्ष २०८०/८१ को आवश्यक्ताको आधारमा गरीएको संशोधित बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक बर्ष २०८०/८१ मा नेपाल सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण बापतको अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण बापतको अनुदान, राजश्व बाँडफाँड बापतको रकम र आन्तरिक राजश्वलाई थयास्थितिमा राखि अनुमानित नगद मौज्दात रु.४ करोड ४३ लाख ६३ हजार ४ सय ९० र बास्तविक नगद मौज्दात रु.८ करोड २२ हजार ८ सय २८ रुपैया ८३ पैसा रहेकोले रु.३ करोड ५६ लाख ५९ हजार ३ सय ३८ रुपैया ८३ पैसा बजेट बृद्धि भई चालु आर्थिक बर्ष २०८०/८१ मा जम्मा रु.५५ करोड ५२ लाख ६४ हजार ८ सय ३८ रुपैया ८३ पैसा भएको जानकारी यस सम्मान्नित सभा समक्ष राख्न चाहान्छु ।

९. त्यसैगरी चालु आर्थिक बर्षमा बोलपत्र आह्वान गरी सम्झौता भईसकेको योजनाहरुको बाकि रहेको बजेट रु.३१ लाख ५० हजार रुपैया आवाश्यक्ता र प्राथमिकताको आधारमा योजना तथा कार्यक्रममा बजेट विनियोजन गरिएको छ ।

१०. यस संशोधित बजेट तथा कार्यक्रममा वडा समितिको सिफारिस गाउँ कार्यपालिकाको निर्णय र आवाश्यक्ताको आधारमा करिब २८ ओटा योजना तथा कार्यक्रमबाट बजेट कट्टि गरिएको बजेटमा बाकि रहेको नगद मौज्दातको रकम थप गरी ९० ओटा योजना तथा कार्यक्रममा बजेट बिनियोजन गरिएको छ।

११. टाँसी छोईलिङ्ग गुम्बा निर्माणको लागि रु.५१ लाख, ६ नं वडा कार्यालय जाने बाटो स्तरउन्नतीको लागि रु.२० लाख र ७ नं. वडा कार्यालय भवन स्तरउन्नतीको लागि रु.२० लाख जस्ता ठुला योजना तथा कार्यक्रमको लागि बजेट बिनियोजन गरिएको छ।

१२. कक्षा ६ को विद्यार्थिहरुलाई दिवा खाजा व्यवस्थापनको लागि बजेट बिनियोजन गरिएको छ त्यसैगरी स्थानीय संघ सस्थालाई सहायता तथा साझेदारी कार्यक्रम त्यस्तै स्थानीय धार्मिक तथा सास्कृतिक प्रबर्द्धनको लागि बजेट विनियोजन गरीएको छ।

१३. यस संशोधित बजेट तथा कार्यक्रममा भएको संशोधित योजना तथा कार्यक्रम, थप भएका योजना तथा कार्यक्रम र रकमान्तर भएका कार्यक्रमहरु अनुसुची १ मा उल्लेख गरिएको छ।

१४. बजेट तर्जुमाको क्रममा मैले सम्मान्नित सभा समक्ष पेश गरेको बजेटको सिद्धान्त र प्राथमिकतामा गहन छलफल गरी मार्ग दर्शन गर्नुभएकोमा सम्मानित सभाको सभाध्यक्ष ज्यु एंव सभा सदस्यहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु। साथै संशोधित बजेट निर्माणको क्रममा सल्लाह एंव सुझाव प्रदान गर्नुहुने लिसंखु पाखर गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत ज्यु र शाखा प्रमुख ज्युहरु, लिसंखु पाखर भित्र रहनु भएको राजनितिक दलको प्रतिनिधि ज्युहरु, अर्थ विद तथा विकास विद, समाजशास्त्री, विभिन्न विषयको विषय विज्ञहरु, नागरिक समाज, संचार क्षेत्रमा कार्यरत संचारकर्मि, यस गाउँपालिका बासी आम दाजु भाई तथा दिदि बहिनिहरु, राष्ट्रसेवक कर्मचारी, निजि क्षेत्र एंव सहकारी क्षेत्रप्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु। लिसंखु पाखर गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउनुहुने करदाता, निजिक्षेत्र तथा विकास साझेदारहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

१५. आर्थिक तथा सामाजिक विंकास मार्फत समृद्ध लिसंखु पाखर हासिल गर्ने तथा सुशासन र सामाजिक न्याय प्रत्याभुत गर्दै सम्मुन्नत गाउँपालिका निर्माण गर्ने ध्ययको साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद
मिठु देवी लामा
उपाध्यक्ष
मिती : २०८०/०९/५

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

**रकमान्तर**

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

**घटाउने**

| SN | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७५०७१०१ | घर नंम्बर टास्ने कार्यक्रम | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| २ | ८०३२७५०७१०१ | च्याउचि बेसी सिंचाई योजना लि पा २ (प्रदेश समपुरक साझेदारी) | 31155 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७,००,०००.०० | |
| ३ | ८०३२७५०७१०१ | दोप्चेटोल सहिद प्रतिक्षालय निर्माण वडा नं. ३ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| ४ | ८०३२७५०७१०१ | बुलबुले साझावन घिच्चेत ग्याबाटोल सडक आई.ई.ई. | 31132 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७०,०००.०० | |
| ५ | ८०३२७५०७१०१ | गाउँ पालिका भवन अघाडिको वाल निर्माण | 31113 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,०००.०० | |
| ६ | ८०३२७५०७१०१ | लिसंखु चिहान घर निर्माण वडा नं. २ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ७ | ८०३२७५०७१०१ | पाल्पेश्वरी मन्दिर देखी बन्धन जोड्ने सडक स्तरउन्नती | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ८ | ८०३२७५०७१०१ | डाडापाखर अस्पताल भवन स्तरउन्नती | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २०,५०,०००.०० | |
| ९ | ८०३२७५०७१०१ | लिसंखु बजारबाट देवी थान सिढि निर्माण वडा नं. २ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| १० | ८०३२७५०७१०१ | वडा नं ६ को वडा कार्यालय भवन निर्माण (समपुरक साझेदारी कार्यक्रम) | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| ११ | ८०३२७५०७१०१ | टाडि चर्च निर्माण वडा नं. १ | 31113 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| १२ | ८०३२७५०७१०१ | टासी थार्चेलिङ्ग गुम्बा स्तरउन्नती वडा नं ७ | 31113 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| १३ | ८०३२७५०७१०१ | चिप्ले सामुदायिक भवन स्तरउन्नती वडा नं ३ | 31113 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| १४ | ८०३२७५०७१०१ | विविध कार्यक्रम खर्च | 22529 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,५०,०००.०० | |
| १५ | ८०३२७५०७२०१ | विद्यालय तर्फको कार्यक्रम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,००,०००.०० | |
| १६ | ८०३२७५०७२०२ | न्हान ग्याबिन | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| १७ | ८०३२७५०७२०२ | बुद्ध धर्म सम्बन्धी सिकाई तथा तालिम | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| १८ | ८०३२७५०७२०२ | बुद्धोदय सिकाई केन्द्र व्यवस्थापन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| १९ | ८०३२७५०७२०३ | शहिद स्मृती सामुदायिक | 31112 | प्रदेश | बागमती | समानिकरण | नगद | ३,००,०००.०० | |

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

**रकमान्तर**

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | ८०३२७५०७२०३ | आलोङ् सामुदायीक भवन व्यवस्थापन तथा नेवा टोल सिढि निर्माण | 31151 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | |
| २१ | ८०३२७५०७२०४ | लामाटोल सुधार | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,५०,०००.०० | |
| २२ | ८०३२७५०७२०४ | सिक्रे स्वीबिर खोला चिहान घर निर्माण | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २३ | ८०३२७५०७२०५ | वडा कार्यालय व्यवस्थापन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,००,०००.०० | |
| २४ | ८०३२७५०७२०६ | विविध तथा वडा कार्यालय व्यवस्थापन खर्च | 22711 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| २५ | ८०३२७५०७२०७ | कालि देवी गौरुङ्ग टोल मन्दिर स्तरउन्नती | 31113 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| २६ | ८०३२७५०७२०७ | चौकीटोल यात्रु प्रतिक्षालय निर्माण | 31113 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| २७ | ८०३२७५०७२०७ | टासी थोपलिङ्ग गुम्बा मर्मत चौकी टोल | 31112 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| २८ | ८०३२७५०७३०२ | ELMSI तालिम संचालन तथा कार्यक्रम विस्तार | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६०,०००.०० | |
| २९ | ८०३२७५०७३०२ | ELMSI तालिम संचालन तथा कार्यक्रम विस्तार | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ६०,०००.०० | |
| | | | | | | | | ९८,९०,०००.०० | |

**बढाउने**

| SN | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना /क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२७५०७१०१ | कुकुलुङ्ग सेति देवी मन्दिर व्यवस्थापन वडा नं ७ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| २ | ८०३२७५०७१०१ | मुकुदोङ्ग चाहान डाँडा व्यवस्थापन वडा नं १ थप बजेट | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,५०,०००.०० | |
| ३ | ८०३२७५०७१०१ | बर्खी टोल अपुरो सिढि निर्माण वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,०००.०० | |
| ४ | ८०३२७५०७१०१ | वडा नं ७ को वडा कार्यालय मर्मत तथा स्तरउन्नती | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २०,००,०००.०० | |
| ५ | ८०३२७५०७१०१ | शैक्षिक योजना निर्माण कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ६ | ८०३२७५०७१०१ | लिसंखु चिहान डाँडा व्यवस्थापन तथा ग्याबिन निर्माण वडा नं २ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ७ | ८०३२७५०७१०१ | कक्षा ६ को दिवा खाजा कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,९०,०००.०० | |
| ८ | ८०३२७५०७१०१ | टोप्ले सिडि निर्माण वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

**रकमान्तर**

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ८०३२७५०७१०१ | फेदाली टोल कृषि प्रसोधन केन्द्र व्यवस्थापन वडा नं ७ | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १० | ८०३२७५०७१०१ | स्वारा साना खानेपानी योजना निर्माण वडा नं ३ | 31155 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| ११ | ८०३२७५०७१०१ | श्री जनसहयोग विद्यालय व्यवस्थापन वडा नं २ | 31113 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १२ | ८०३२७५०७१०१ | प्र.अ., वि.व्या.स. शिक्षक अविभावक संघको पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| १३ | ८०३२७५०७१०१ | ह्याङ्गला बाफल युवा समाजलाई साउण्ड सिस्टम खरिद गरी हस्तान्तरण | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,५०,०००.०० | |
| १४ | ८०३२७५०७१०१ | अन्तर सरकारी साझेदारी कार्यक्रम | 31155 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | |
| १५ | ८०३२७५०७१०१ | आलोङ्ग नाकोसा मोटरेबल पुर डि पि आर वडा नं ३ | 31135 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| १६ | ८०३२७५०७१०१ | चियाको बेर्ना खरिद | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| १७ | ८०३२७५०७१०१ | १८ किलो घुम्ति सामुदायिक भवन धारा चर्पि व्यवस्थापन वडा नं ५ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| १८ | ८०३२७५०७१०१ | सम्पदा स्कुल सिडि निर्माण वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| १९ | ८०३२७५०७१०१ | लखर्त बर्खाङ्ग ट्र्याक निर्माण वडा नं १ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,००,०००.०० | |
| २० | ८०३२७५०७१०१ | सडक हेरालु | 22419 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,४२,०००.०० | |
| २१ | ८०३२७५०७१०१ | इन्धन (कार्यालय प्रयोजन) | 22212 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १२,००,०००.०० | |
| २२ | ८०३२७५०७१०१ | निन्जेल बस्ति सिडि निर्माण वडा नं ४ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| २३ | ८०३२७५०७१०१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 22221 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ११,००,०००.०० | |
| २४ | ८०३२७५०७१०१ | दोर्जे उत्थान सेवा समाज भवन स्तरउन्नती वडा नं २ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| २५ | ८०३२७५०७१०१ | वडा कार्यालयको अघाडिको सडक स्तरउन्नती वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| २६ | ८०३२७५०७१०१ | हिस्योगो पार्क डि पि आर निर्माण वडा नं २ | 31172 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| २७ | ८०३२७५०७१०१ | अनुगमन, मूल्यांकन खर्च | 22611 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,८०,७५३.९३ | |
| २८ | ८०३२७५०७१०१ | धामि टोल फेदाली टोल नाला व्यवस्थापन वडा नं ७ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| २९ | ८०३२७५०७१०१ | ककलिङ्ग डाडा चियान घर धारा तथा चर्पि निर्माण वडा नं ७ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ३० | ८०३२७५०७१०१ | टाँसी छोईलिङ्ग गुम्बा निर्माण [illegible] | 31112 | अन्तरिक [illegible] | आन्तरिक [illegible] | आन्तरिक [illegible] | नगद | [illegible] | |

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

**रकमान्तर**

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | ८०३२७५०७१०१ | लोखर डाँडा देवि थान व्यवस्थापन वडा नं ७ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,५०,०००.०० | |
| ३२ | ८०३२७५०७१०१ | लगानी सम्मेलनको लागि Digital Profile निर्माण | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ३३ | ८०३२७५०७१०१ | उसात्पा कृषि प्रशोधन केन्द्र व्यवस्थापन वडा नं २ | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ३४ | ८०३२७५०७१०१ | जेठल गैरो टोल सिढि निर्माण वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ३५ | ८०३२७५०७१०१ | निन्जेल मलामी घर निर्माण वडा नं ४ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ३६ | ८०३२७५०७१०१ | कोकुलुङ्ग कृषि सडक स्तरउन्नती वडा नं ७ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ३७ | ८०३२७५०७१०१ | महादेव खोला सिरान चौर सिढि निर्माण तथा बर्ना कल्भर्ट निर्माण वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ३८ | ८०३२७५०७१०१ | छामघाङ्ग जग्गा व्यवस्थापन वडा नं २ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ३९ | ८०३२७५०७१०१ | बन्धन घाट निर्माण वडा नं ६ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ४० | ८०३२७५०७१०१ | औद्योगिक ग्राम साझेदारी कार्यक्रम | 31111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३०,००,०००.०० | |
| ४१ | ८०३२७५०७१०१ | बन्धन खोप्को खोला साना सिंचाई निर्माण वडा नं ६ | 31155 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | |
| ४२ | ८०३२७५०७१०१ | बर्घाङ्ग खोला सडक नाला व्यवस्थापन वडा नं ३ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ४३ | ८०३२७५०७१०१ | जलेश्वरी नि.मा.वि.मा सरस्वती मन्दिर निर्माण वडा नं ५ | 31111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५०,०००.०० | |
| ४४ | ८०३२७५०७१०१ | स्थानीय संघ सस्थालाई सहायता तथा साझेदारी कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १५,००,०००.०० | |
| ४५ | ८०३२७५०७१०१ | ढुंगा खानीको बिस्तृत अध्ययन | 31132 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,७०,०००.०० | |
| ४६ | ८०३२७५०७१०१ | टिम्बुरे साना खानेपानि योजना निर्माण वडा नं ७ | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ४७ | ८०३२७५०७१०१ | निगाले च्यातु घारी र महादेव मन्दिर नाला व्यवस्थापन वडा नं ५ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ४८ | ८०३२७५०७१०१ | सानो ताम्चे पुच्छर पाखा क्रिस्चियन दफन स्थल निर्माण वडा नं ४ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ४९ | ८०३२७५०७१०१ | वादिस्योङ्ग साना सिंचाई निर्माण वडा नं ७ | 31155 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| ५० | ८०३२७५०७१०१ | सिन्धु सिमाना प्रतिक्षालय निर्माण वडा नं ५ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ५१ | ८०३२७५०७१०१ | ग्यालगुङ्ग डाडा ग्याबाटोल सडक थप बजेट वडा नं २ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ५२ | ८०३२७५०७१०१ | भन्ज्याङ्ग ग्यामर्याङ्ग सडक स्तरउन्नती वडा नं ४ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |

# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

**रकमान्तर**

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | ८०३२७५०७१०१ | आ.ब. २०७९/८० प्रदेश सरकारको फिर्ता गर्नुपर्ने समपुरक अनुदान | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,०९,०७०.१९ | |
| ५४ | ८०३२७५०७१०१ | गाउँघर क्लिनिक व्यवस्थापन वडा नं १ र ३ | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ५५ | ८०३२७५०७१०१ | सडक बोर्ड साझेदारी कार्यक्रम | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,३५,०००.०० | |
| ५६ | ८०३२७५०७१०१ | वडा नं १ प्रवेश द्वार निर्माण | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,००,०००.०० | |
| ५७ | ८०३२७५०७१०१ | वडा स्वास्थ्य भवन स्तरउन्नती वडा नं ५ | 31112 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ५८ | ८०३२७५०७१०१ | नि.मा.वि. शिक्षक अनुदान महादेव स्थान | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,५५,०००.०० | |
| ५९ | ८०३२७५०७१०१ | स्थानीय सस्कृति प्रवर्द्धन कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ६० | ८०३२७५०७१०१ | औद्योगिक ग्राम आई.ई.ई. | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| ६१ | ८०३२७५०७१०१ | ककलिङ्ग हेल्थ पार्क | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| ६२ | ८०३२७५०७१०१ | डाडा पाखर कोलघाम सिडि निर्माण वडा नं ७ | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ६३ | ८०३२७५०७१०१ | आ.ब. २०७९/८० नेपाल सरकारको फिर्ता गर्नुपर्ने समपुरक अनुदान | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,९७,५१४.७१ | |
| ६४ | ८०३२७५०७१०१ | वाईभारी खेल मैदान निर्माण तथा व्यवस्थापन थप बजेट वडा नं ५ | 31113 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| ६५ | ८०३२७५०७२०१ | श्री सरस्वती आ वि भित्ता लेखन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| ६६ | ८०३२७५०७२०१ | श्री धर्मोदय मा वि कक्षा कोठा व्यवस्थापन खर्च | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| ६७ | ८०३२७५०७२०१ | टनम हिगशुम गोन्पा उद्यान पार्क निर्माण | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| ६८ | ८०३२७५०७२०१ | श्री सिद्धार्थ आ वि भित्ता लेखन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| ६९ | ८०३२७५०७२०२ | श्री छ्योईफेल कुन्दुलिङ्ग गुम्बा शौचालय स्तरउन्नती वडा नं २ | 31112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| ७० | ८०३२७५०७२०२ | श्री बुद्धोदय सिकाई केन्द्र कार्यक्रम सञ्चालन वडा नं २ | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

### रकमान्तर

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७१ | ८०३२७५०७२०२ | झिन्लाप छ्योर्तेन व्यवस्थापन तथा रङ्ग रोगन वडा नं २ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| ७२ | ८०३२७५०७२०२ | श्री बुद्धोदय मा.वि. खेल मैदान निर्माण वडा नं २ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ७३ | ८०३२७५०७२०३ | चिप्ले सामुदायिक भवन स्तरउन्नति | 31112 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ७,००,०००.०० | |
| ७४ | ८०३२७५०७२०३ | आलुङ् सामुदायिक भवन स्तरउन्नती | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| ७५ | ८०३२७५०७२०३ | डोप्चे टोल सहिद प्रतिक्षालय निर्माण | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | |
| ७६ | ८०३२७५०७२०४ | लामाटोल सामुदायिक भवन निर्माण वडा नं ४ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,५०,०००.०० | |
| ७७ | ८०३२७५०७२०४ | सिक्रे स्वीबिर खोला मलामी घर निर्माण वडा नं ४ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ७८ | ८०३२७५०७२०५ | साउण्ड सिस्टम खरिद | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३०,०००.०० | |
| ७९ | ८०३२७५०७२०५ | वडाको जनप्रतिनिधि तथा कर्मचारीहरुको अनुगमन भ्रमण | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,७०,०००.०० | |
| ८० | ८०३२७५०७२०६ | पौवाखोला खानेपानी योजनाको लागि पानी तान्ने मेशिन खरिद | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०,०००.०० | |
| ८१ | ८०३२७५०७२०६ | बन्धन डाडा टोल ढलान सिढि निर्माण | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ८२ | ८०३२७५०७२०६ | ककलिङ्ग लक्कुई सडक स्तरउन्नती वडा नं ६ | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २०,००,०००.०० | |
| ८३ | ८०३२७५०७२०७ | वडा कार्यालय व्यवस्थापन | 31159 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ८४ | ८०३२७५०७२०७ | पाल्पेश्वरी बहुउद्देश्यीय सहकारी व्यवस्थापन | 31113 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ८५ | ८०३२७५०७२०७ | बुद्ध पार्क घडेरी स्तरउन्नती | 31159 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ८६ | ८०३२७५०७२०७ | वडा कार्यालय स्तरउन्नती | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,५०,०००.०० | |
| ८७ | ८०३२७५०७२०७ | श्री कुञ्ज्युङ्ग नोर्बुलिङ गुम्बा डि.पि.आर. निर्माण | 31172 | प्रदेश सरकार | बागमती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ८८ | ८०३२७५०७२०७ | श्री कुञ्ज्युङ्ग नोर्बुलिङ गुम्बा डि.पि.आर. निर्माण | 31172 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| ८९ | ८०३२७५०७३०२ | स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्टेशनरी, फ्लेक्स तथा अन्य आवश्यक सामाग्री खरिद | 22311 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ६०,०००.०० | |
| ९० | ८०३२७५०७३०२ | स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्टेशनरी, फ्लेक्स तथा अन्य आवश्यक सामाग्री | 22311 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६०,०००.०० | |

# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक

**रकमान्तर**

आ.व. : २०८०/८१ रकमान्तर : कार्यक्रम संशोधन

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खरिद | | | | | | | |
| | | | | | | | | ४,५५,४९,३३८.८३ | |
| **अक्षरेपी : रुपैयाँ चार करोड पचपन्न लाख उनन्चास हजार तिन सय अठतिस पैसा त्रियासी मात्र।** | | | | | | | | | |